# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१६ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

काठमाण्डौ महानगरपालिका वडा नं. ३ मा कार्यरत सव-ईन्जिनियर दिनेश श्रेष्ठले घर निर्माण सम्पन्न प्रमाणपत्र बनाइदिने प्रयोजनका लागि सेवाग्राहीसंग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगबाट खटि गएको टोलीले रू.३,००,०००।– (तीन लाख) घुस रकम लिदै गर्दाको अवस्थामा निज सव-ईन्जिनियर दिनेश श्रेष्ठलाई नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज सव-ईन्जिनियर दिनेश श्रेष्ठ उपर बिगो रु.३,००,०००।- (तीन लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र विगो बमोजिम जरिवाना हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी